# बलेफी गाउँपालिका
# Balephi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

बलेफी, सिन्धुपाल्चोक / Balephi, Sindhupalchowk
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal


पत्र संख्या (F/Y): ०८१।८२
चलानी नम्बर (Ref. No.):

मिति (Date): २०८१/०९/०२

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

## तह वृद्धि सम्बन्धी सूचना ।

बागमती प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ दफा ३० बमोजिम तह वृद्धिको लागि योग्यता पुगेका यस बलेफी गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा (वडा कार्यालय, स्वास्थ्य संस्था/चौकी, सेवा केन्द्र) कार्यरत कर्मचारीहरुले तह वृद्धिको लागि तपसिल बमोजिमका कागजात सहित छुट्टै फाइल तयार गरी २०८१ पौष मसान्त सम्म गाउँपालिकाको प्रशासन शाखामा आवेदन दिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

१) प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरी तह वृद्धिको व्यहोरा उल्लेख गरिएको सक्कल निवेदनपत्र ।
२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
३) स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी र (सरुवा भई आएकाको हकमा रमाना पत्रको प्रमाणित प्रतिलिपी ।)
४) तह वृद्धि हुने तह भन्दा एक तह मुनीको तहमा पूरा गरेको सेवा अवधि पुष्टि हुने कागजात (नियुक्ति, तह/स्तर वृद्धि,तह मिलान)को प्रमाणित प्रतिलिपी ।
५) समायोजन र पदस्थापन गरिएको भए सो पत्रको प्रमाणित प्रतिलिपी ।
६) पछिल्लो पाँच(५) आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम ।
७) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ दफा ३० को उपदफा (१) बमोजिम न्युनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
८) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ दफा ३३ मा भएको व्यवस्था प्रतिकुल हुने गरी तह/स्तरवृद्धि गरिने छैन ।

...............................
सल बहादुर पाण्डे
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री लोक सेवा आयोग, कमलपोखरी, काठमाण्डौ ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा मकवानपुर ।
श्री प्रदेश किताबखाना, बागमती प्रदेश, हेटौडा, मकवानपुर ।
श्री प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौडा, मकवानपुर ।
श्री वडा कार्यालयहरु/स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकी /कृषि/पशु सेवा केन्द्र सबै : बलेफी गाउँपालिका ।